संघीय संसद
राष्ट्रिय सभा
पन्ध्रौं अधिवेशन
बैठक-३
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : २:४२ बजे*

२०८० माघ २८ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय महेश कुमार महराले** थापाथली अस्पतालको लापरबाहीको बारेमा बताउनुहुँदै अस्पतालहरूको उचित निगरानी गर्न, खप्तडमा पर्यटन विकास गर्न, जयपृथ्वी राजमार्गको विकास गर्न, सरकारको ध्यानाकर्षण गराउनुभयो। शान्ति प्रक्रियालाई टुङ्ग्याउनका लागि विशेष पहल गर्नुपर्ने बताउनुहुँदै यसमाथि राजनीति गर्न नहुने बताउनुभयो।

**माननीय रामचन्द्र राईले** सुशासनका कुराहरूका सन्दर्भमा विभिन्न कुरा गरेपनि कर्मचारीका लागि सुशासन प्रवर्द्धन गर्ने संघीय निजामति सेवा ऐन ल्याउन नसकेको, महालेखापरीक्षकको समयमा नै नियुक्ति हुन नसकेको, सार्वजनिक खरिद ऐनको समयसापेक्ष सुधार हुन नसकेको, अर्थतन्त्रको मन्दी भएको बेला पुँजीगत खर्च बढाउनुपर्ने तर सरकार त्यो बाटोमा नहिँडेको, भ्रष्टाचार मौलाएको, सुन तस्करी, ललिता निवास प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई जना राजनीतिक व्यक्तित्वको संलग्नता देखिएकोले सरकार पछि हटेको बताउनुभयो। यसले सुशासन प्रवर्द्धनमा प्रभावकारिता हासिल गर्न नसक्ने बताउनुभयो।

**माननीय अनिता देवकोटा**ले नेपाल संस्कृत विश्वविद्यालयको विकासका लागि स्थानीय समुदायले जग्गा दान गरी विश्वविद्यालय सञ्चालन गरिएको बताउनुहुँदै हाल विश्वविद्यालयको जग्गा नेकपा माओवादीले युद्धकालमा हडपेको तर हालसम्म पनि फिर्ता नगरेको बताउनुभयो। नेपाल संस्कृत विश्वविद्यालयको जग्गा फिर्ता गर्नका लागि वर्तमान सम्माननीय प्रधानमन्त्री तथा कुलपति पुष्पकमल दाहालले पहल गर्नुपर्ने बताउनुभयो। यस विश्वविद्यालयको विकासका लागि पर्याप्त बजेटको व्यवस्था गर्न सरकारलाई आग्रह गर्नुभयो।

**माननीय उदय बहादुर बोहरा**ले जाजरकोट भुकम्पबाट प्रताडित बालबालिका, महिला, ज्येष्ठ नागरिकको समुचित व्यवस्थापन हुन नसकेको बताउनुभयो। नेपालमा भ्रष्टाचार, तस्करी र राष्ट्रिय लज्जाका विषयहरू समेटेर पत्रिकाहरूले समाचार लेख्ने गरेका बताउनुहुँदै देशव्यापी रूपमा यस प्रकारका गतिविधि बढ्दै गइरहेको र यस प्रकारका गलत कुराहरूको नियन्त्रणका लागि सरकारले विशेष चासो देखाउनुपर्ने बताउनुभयो। तर यस प्रकारका गलत कार्यलाई राजनीतिक संरक्षण हुनु गलत भएको बताउनुभयो।

**माननीय मोहम्मद खालिद**ले नेपालको संविधानले नेपालमा बोलिने सबै भाषालाई राष्ट्रिय भाषाको रूपमा उल्लेख गरेको तर व्यवहारमा त्यसको अनुभूति हुन नपाएको बताउनुभयो। २०५३ सालमा

रेडियो नेपालबाट उर्दु भाषाको प्रशारण देशव्यापी प्रशारण हुने गरेकोमा गणतन्त्रको प्राप्तिपछि यस भाषालाई बागमतिबाट क्षेत्रीय रूपमा सीमित गरिएको बताउनुभयो। यो भाषालाई नेपालमा उचित स्थान दिनको लागि आग्रह गर्नुभयो।

**माननीय डा. विमला राई पौड्यालले** नेपालको त्रिभुवन विश्वविद्यालयको स्तर खस्कँदै गएको बताउनुभयो। नेपालका करिब असी प्रतिशतभन्दा धेरै विद्यार्थीहरू यसमा पढ्ने हुनाले यो विश्वविद्यालयलाई सुधार गर्नु जरूरी रहेको बताउनुभयो। यसको अभिभावक (उपकुलपति) छनौट गर्दा सरकारले विचार गर्नुपर्ने बताउनुभयो।

**माननीय भैरव सुन्दर श्रेष्ठ**ले जाजरकोट भुकम्पका प्रभावितहरूको उचित व्यवस्थापनका लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। विपदको समयमा बालबालिकाहरू, महिला, जेष्ठ नागरिकहरू अझ धेरै प्रभावित भएको बताउनुभयो। वर्तमान सरकारले विपद प्रभावितहरूको उचित व्यवस्थापन गर्न तदारुकता नदेखाएको बताउनुभयो। सरकार संसदप्रति उत्तरदायी हुनुपर्ने बताउनुभयो।

**माननीय युवराज शर्मा**ले गिरिबन्धु टि स्टेटको विषयमा सर्वोच्च अदालतले गरेको फैसलाको स्वागत गर्नुभयो। उहाँले महाभारतमा पाण्डवहरूले पाँच गाउँ माग्दा दुर्योधनले नदिएकोले महाभारतको युद्ध भएको प्रशङ्ग उल्लेख गर्नुहुँदै नेपाली जनता पनि सरकारसँग पाँच कुरा बिजुली, पानी, शिक्षा, स्वास्थ्य र रोजगार मागिरहेको बताउनुभयो। नेपालमा देखिएको वेथिति अन्त्यका लागि सरकार प्रतिवद्ध हुनुपर्ने बताउनुभयो।

**माननीय गोपी बहादुर सार्की आछामी**ले नेपाली जनताले प्राप्त गरिरहेको अधिकारको संस्थागत विकास गर्नका लागि सबै मिलेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने दायित्व सबै राजनीतिक दलको भएको बताउनुभयो। राष्ट्र निर्माणको प्रमुख सम्बाहक युवा जनशक्ति विदेशिरहेको गाउँमा बालबालिका र बुढापाका मात्र हुने अवस्था सिर्जना भइरहेकोले नेपालको पूर्वाधार विकासमा लगानी गर्नुपर्ने बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्मानीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको देहायबमोजिमका पत्रहरूको व्यहोरा क्रमशः जानकारी गराउनुभयोः

क. **माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद** अष्ट्रेलियामा आयोजना हुने इन्डियन ओसियन कन्फेरेन्स को सातौं संस्करणमा सहभागी हुन तथा न्यूजिल्याण्डका परराष्ट्र मन्त्रीसँग द्विपक्षीय भेटघाटको लागि संवत् २०८० साल २४ गते अष्ट्रेलियातर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा।

ख. **माननीय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बु** भारतको नयाँ दिल्लीमा आयोजना हुने बिमस्टेक एक्वेटिक च्याम्पियनशिप टू थाउजेन्थ ट्वेन्टी फोर विषयक कार्यक्रममा सहभागी हुन संवत् २०८० साल माघ २३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार सम्माननीय

प्रधानमन्त्रीज्यूबाट **माननीय शहरी विकास मन्त्री सीता गुरुङले** सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा।

तत्पश्चात् सम्माननीय अध्यक्षले **राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल**लाई प्रतिनिधि सभाले पारित गरी सन्देश सहित राष्ट्रिय सभामा पठाएको **"सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष टेबुल गर्न अनुमति दिनुहुँदा उक्त सन्देश राष्ट्रिय सभाका सचिवले सभा समक्ष टेबुल गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम संख्या ३ मा रहेका विषयहरू कार्यसूचीबाट हटाइएको ब्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल माघ २९ गते सोमवार बिहान ११ बजेर १** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव